# कल्याणपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सिरहा

प्रदेश नं.-२ नेपाल

## करारमा सेवा लिने सम्बन्धि सूचना

(सूचना प्रकाशित मिति २०७८/०८/०६)

कल्याणपुर नगरपालिका अन्तर्गत कार्यपालिका र वडा कार्यालयको लागि सहायक कम्प्युटर अपरेटर र कार्यालय सहयोगी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पदको नाम | संख्या |
|---|---|---|---|
| १. | ०१/२०७८/०७९ | सहायक कम्प्युटर अपरेटर | १३ |
| २. | ०२/२०७८/०७९ | कार्यालय सहयोगी | ६ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क.सहायक कम्प्युटर अपरेटरको न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तिर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी रजिस्टर्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्यूटर तालिम प्राप्त गरेको ।

ख. कार्यालय सहयोगीको न्यूनतम शैक्षिक योग्यता :- कम्तिमा ८ कक्षा उतीर्ण गरेको ।

२. सम्पर्क मिति :- २०७८।०८।२१ गते ।

क.परीक्षा मिति :- सम्पर्क मितिका दिन तोकिनेछ ।

३. उमेर :- १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको, महिला र अपागंताको हकमा ४० वर्ष ननाघेको ।

४. आवेदन शुल्क र फारम :- रु. ५००/- आवेदन फारम कार्यालय वा नगरपालिकाको वेवसाईटबाट उपलब्ध हुनेछ

५. आवेदन दिने अन्तिम मिति :- २०७८/०८/२० गते कार्यालय समय भित्र ।

६. दरखास्तमा संलग्न गर्नुपर्ने :- उमेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, आवेदन दस्तुरको राजश्व शाखामा बुझाएको नगदी रसिद पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

७. पारिश्रमिक :- कार्यालयले निर्धारण गरे बमोजिम ।

८. करार अवधी :- २०७९ असार मसान्तसम्म ।

९. अनुभवी : महिला र अपागंलाई विशेष प्राथमिकता दिइनेछ ।

१०.परीक्षाको किसिम :-

क .सहायक कम्प्युटर अपरेटर :- लिखित,प्रयोगात्मक तथा अन्तर्वाता .

ख.कार्यालय सहयोगी :- अन्तवार्ता

११. थप जानकारीको लागि सम्पर्क नं. र इमेल ठेगाना:- ०३३४०३०६३, ९८४२८४६१५०, kalyanpurmun2073@gmail.com

१२. सूचनामा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

..................................

प्रमुख प्रशासकीय अधिकृत